| | |
|---|---|
| [illegible] संख्या | १ |

# माई नगरपालिका इलामको आर्थिक वर्ष २०७४/०७५ को

# नीति तथा कार्यक्रम

## २०७४

| | |
|---|---|
| सभाबाट स्वीकृत मितिः | २०७४-०६-०२ |
| प्रमाणीकरण मितिः | २०७४-०६-०३ |

# माई नगरपालिका इलाम

**प्रदेश नं. १**

**शितली इलाम**

**नगर सभाको उपाध्यक्ष ज्यू, नगरसभाको सदस्य ज्यूहरु, सम्पुर्ण कर्मचारी मित्रहरु, दलका प्रतिनिधि, पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु ।**

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त भएका उपलब्धीहरु संस्थागत गर्ने हेतु सहित जारी नेपालको संविधान २०७२ ले देशलाई संस्थागत रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देशको रुपमा विकसित गरेको छ । २०७२ साल असोज ३ गते जारी भई लागू भएको संविधानले व्यवस्था गरे अनुरुप हामी यो नगरसभामा उपस्थित भएका छौँ । यस अवसरमा ऐतिहासिक कालदेखि हालसम्म परिवर्तनमा सरिक हुँदै स्वन्त्रता तथा जनताको अधिकार स्थापित गर्न आफ्नो जीवनलाई बलिदान गरि सुनौलो अवसर दिलाउने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

आज देश संघीय लोकतान्त्रिक गणतन्त्र सम्म आइपुग्दा विभिन्न कालखण्ड सहित राणाकालीन, पंचायतकालीन बहुदलीय व्यवस्था गुजारी सकेका छौँ । विगतको कहाली लाग्दो समय गुजार्दै भविश्यको सुन्दर सपना तथा संरचना निर्माणको लागि भएको स्थानीय तहको निर्वाचन २०७४ आषाढ १४ बाट हामी माई नगरपालिकामा जन्म लिएका हौँ । यो सुनौलो अवसर हो भने संघर्ष र चुनौती पनि हो ।

आज हामी एक्काइसौँ शताब्दीमा रहिरहँदा विश्वको विकासको गती तीव्ररुपमा अघि बढ्दा हामी घिस्रिएर पच्छयाउनु पर्ने अवस्था छ । हामी यही ५ वर्षमा युवाको जस्तो जोश र वृद्धको जस्तो होस मिलाएर यो समय अर्थात कार्यकाल भित्र निश्वार्थ, निर्मम, निर्भिक भएर जनता, देश, राष्ट्र, राष्ट्रियता, जनजीविका, सार्वभौम सत्ता, अखण्डता, लोकतन्त्र, गणतान्त्रिक संघीयता, राज्यको पञ्चशील सिद्धान्त, असंलग्न परराष्ट्र नीति, संविधान र कानूनको अधीनमा रहेर जिम्मेवारी निर्वाह गर्न हामी सदस्यहरु, कर्मचारीहरु, सम्पूर्ण माई नगरपालिकाका नगरबासीको जम्मेवारी रहनेछ ।

हिलोबाटै उम्रेर सुन्दर कमलको फूल फुले जस्तै असंख्य चुनौतीका पहाड छिचोल्दै हाम्रो पाँच वर्षको कठोर मेहनतले हाम्रो नगरपालिकालाई समृद्ध गराउन सकिनेछ र त्यही समृद्धिको दिशातर्फ हामी अगाडि बढ्ने प्रण गर्दछौँ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

हाम्रो माई नगरपालिका इलाम जिल्लाको सुदुर दक्षिणपूर्वमा रहेको नगरपालिका हो । यो नगरपालिकाको पूर्वमा रोङ गाउँपालिका र सूर्योदय नगरपालिका, पश्चिममा चुलाचुली र माङसेबुङ गाउँपालिका रहेको छ । त्यसै गरी उत्तरमा देउमाई नगरपालिका र इलाम नगरपालिका अनि दक्षिणमा झापा जिल्लाको अर्जुनधारा र कन्काई नगरपालिका रहेको छ । पाँचवडा नगरपालिका र तीनवटा गाउँपालिकासँग सिमाना जोडिएको यस नगरपालिका २४६.११ वर्ग किलोमिटरमा फैलिएको छ भने यस क्षेत्रमा २०६८ सालको जनगणना अनुसार कुल ३२,५७६ जनसंख्या बसोबास गर्दछौँ ।

नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनरसंचनामा स्थानीय तहको नया सिमाङ्कन गर्दा यो नगरपालिका साविकको चिसापानी गाविस, दानावारी गाविस, महमाई गाविस र लक्ष्मीपुरको वडा नं ५ रुपान्तरण भई स्थापना भएको हो।

हाम्रो माई नगरपालिका मध्य पहाडी क्षेत्र तथा चुरे भावर क्षेत्रबीच संतुलित भएर यसको भौगोलिक स्वरुप रहेको छ। यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु धेरै जसो माई खोलामा मिसिन्छन् । भौगिक विविधताले गर्दा यहा पाइने बनस्पती तथा जैविक विविधतामा एकरुपता नपाइएता पनि अधिकाँश ठाउँ चुरे क्षेत्रले ढाकेकोले चुरे क्षेत्रमा पाइने वनस्पती र जैविक विविधताको बाहुल्यता छ।

राई, लिम्बु, ब्राम्हण, क्षेत्री, मगर, गुरुङ, तामाङ, नेवार, गिरी, पुरी, भारती, दशनामी, कुमाल, माझी, शेर्पा, कामी, सार्की, दमाई, मुण्डा, दनुवार, सुनुवार लगायत विभिन्न जातजातीहरुको बसोबास रहेको छ। यहाँ बसोबास गर्ने नगरवासीहरुमा जाती, भाषा, धर्म र संस्कृतिमा विविधता भएपनि विविधता भित्र एकता छ। पेशाको हिसाबले बहुसंख्यक जनताको पेशा खेती नै हो भने बाँकीको पेशा व्यापार, उद्योग र नोकरी रहेको पाइन्छ।

अब म यस माई नगरपालिकाको आ.व. २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पूर्वाधार विकास तर्फः-**

- "दीगो पूर्वाधार नै माई नगरपालिकाको समृद्धिको आधार" भन्ने नारालाई मूलमन्त्र ठानी दीगो पूर्वाधार विकासको लागि महत्वपूर्ण विकास आयोजनाहरुलाई अगाडि बढाइनेछ। यो वर्ष नगर स्तरीय गौरवका योजना छनौट गर्ने प्रयास गरिएता पनि वैज्ञानिक हिसाबले छनौट गर्न नसकिएकाले आगामी वर्ष विज्ञ समूह मार्फत नगरपालिकाकको मार्ग चित्र निर्माण गरी सोही अनुसार बजेट विनियोजन गर्ने र समानुपातिक विकासका खाका तयार गरी कार्यक्रम तय गरिनेछ ।
- पूर्वाधार तर्फ सडक, विद्युत, खानेपानीलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ।

**गौरवका योजनाहरु**

- सडक तर्फ
  - बुढी सुखानी देखि शुक्रबारे, चिसापानी हुँदै करफोक खोला सम्मको मूल सडक
  - वडा नं. ८ को भतभते देखि वडा नं. ७ को लक्ष्मीबाँध हुँदै वडा नं. ६ को कोइलादेन भन्ज्याङ सम्मको मूल सडक
  - खर्वनेदेखी आलेटार हुँदै कट्टेलटारबाट शुक्रबारे सम्मको नगरपालिका जोड्ने सडक

- सितली देखि वडा नं. ४ को कामीटार हुँदै समिबोटे, झाँक्रीखोप हुँदै वडा नं. १० को तीनघरे जोड्ने सडक
- वडा नं. २ सितली देखि वडा नं. ३ को गोलटार हुँदै वडा नं. १ पालटार सधुवाबाट टुक्रे, रावली गाउँ, लिपुङ्सा, सहीवीरे-जुवाले हुँदै माझिटार सम्मको सडक
- वडा नं. २ को बोरेतला पुछारबाट प्लेन्टेचोक हुँदै शिवपोखरीबाट सुखानीको जालीखोल्सी जोड्ने सडक
- माई खोलाको भतभते-चेप्टी पक्की पुल र माझीटार-सेतीखरे पक्की पुल निर्माणको लागि केन्द्रमा पहल गर्दै भतभते, चेप्टी, जालीखोल्सी, दाहालटार, खर्वने, मिथुनखर्क, ढोडेनी, सोमबारे, घलेगाउँ, बोरुङ, विहीबारे, माझीटार, सेतिखरे नगरपालिका स्तरीय रिङरोड

यी माथिका गौरवका सडकहरुलाई रणनीतिक महत्वका रुपमा अघि बढाउन पर्याप्त बजेट विनियोजन गरिनेछ।

- राँगापानीबाट धारापानी हुँदै चुङमाङ सम्मको सडक
- दाहालटार, थाक्ले हुँदै हाङखिम सम्मको सडक र बगैँचादेखि ढोडेनी हुँदै रुपाडाँडा, मुसेटार, गुनमुने सोक्तिम सडकलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ।
- माई नगरपालिका भित्रका नदीनालाबाट साना जलविद्युत निर्माणलाई प्रोत्साहित गरिनेछ।

- विद्युत नपुगेका वडाहरुलाई प्राथमिकतामा राखेर विद्युत विस्तार कार्यक्रम संचालन गरिनेछ। साथै यसको लागि सम्बन्धित निकायसँग लगानीको लागि पर्याप्त पहल गरिनेछ।
- नगरपालिका र वडा कार्यालयहरुको निर्माणको लागि निशुल्क रुपमा जग्गा प्राप्तिको पहल गरिनेछ। सकभर हस्तान्तरण भई आउने विषयगत कार्यालयहरुलाई समेत मध्य नजर गरि सेवाग्राहीहरुले सेवा प्राप्त गर्न धेरै ठाउँ दौडधुप गर्न नपरोस् भनेर वरिपरि वा नजिकै पुर्वधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाइनेछ।
- बजारीकरण शहरीकरण गर्नको लागि वडा नं. ६ को बिहिवारे वडा नं. ७ को लक्ष्मीबाँध, वडा नं. ८ को कलकत्ते, वडा नं. १ को पालटार, वडा नं. ९ को चिसापानी सोमबारे र वडा नं ५ को खर्वनेलाई योजनाबद्ध ढंगले पूर्वधारको विकास गरिनेछ। शुक्रबारे-सितली र यी बजारका आसपासका क्षेत्रलाई समेत समेटी "आधुनिक प्रविधि, सेवा सुविधायुक्त शहर" अथवा Smart

City को रुपमा विकास गरिनेछ। भवन आचारसंहिता तत्काल कार्यान्वयन गरि आफूखुसी घर बनाउन प्रतिबन्ध लगाइनेछ। राज्यको तर्फबाट आवास निर्माण गर्दा एक महल सयौँ परिवारको नीति अवलम्बन गरिनेछ र बाँकी भूखण्डलाई कृषि प्रयोजनमा प्रयोग गरिनेछ।

- त्यसैगरी गरुवा खोलाको माथिल्लो भेगमा पक्की पुल, गदानी भञ्ज्याङ, बेलडाँडा बीचमा पर्ने लेवा खोलामा पक्की पुल, खर्वने र वाङ्गेबुच्चेमा पर्ने धोवीखोलामा झोलुङ्गे पुलको लागि केन्द्रमा पहल गरिनेछ।

- गत साउन महिनाको २६,२७ र २८ गतेको भिषण वर्षा पछिको बाढी पहिरोले वडा नं ८ को मैनाचुली, लोसे, चौतारेडाँडा , लालखोला बेसारबारी, वडा नं २ को पूर्वि झोडा लगायत ढकने, झण्डीका पीडितहरुलाई वर्गीकरण गरी

१. घर, गोठ, जमीन सबै क्षति भएर पूर्ण विस्थापित भएका
२. विस्थापित नभएको तर पशुधन र वालीनाली नष्ट भएका घर परिवारको पहिचान गरि राहत प्याकेजको व्यवस्था गरिनेछ भने सो क्षेत्रको पूर्वाधार मरमतको लागि बजेटको व्यवस्था गरिनेछ।

वडा नं. ८ को मैनाचुली, लोसे, चौतारेडाँडा, लालखोला, बेसारबारी, दुङ्दुङ्गे र वडा नं. २ को पूर्वीझोडा क्षेत्र मानव बस्ती योग्य नदेखिएकोले गत भाद्र महिनामा जिल्ला दैवी प्रकोप समिति मार्फत केन्द्रमा बस्ती स्थानान्तरण गर्न सिफारिस समेत गरिएको छ।

**संस्कृति तथा पर्यटन तर्फः**

- सुखानी शहीद पार्कमा भ्यूटावरको निर्माणको थालनी गरिनेछ।
- शिव पोखरी, बिहीबारे, सिमसार, हाङ्गसाम पामा वरक पोखरी र तेलपानी सिमसार क्षेत्रको विकास र संरक्षणमा जोड दिइनेछ।
- गुनमुने र जाँतो ढुङ्गा क्षेत्रमा पर्यटन प्रवर्द्धनका कार्यक्रम संचालन गरिनेछ।
- धोन्द्रे गुफा, काली सिंहदेवीको संरक्षण गर्दै सोही ठाउँमा भ्यूटावरको निर्माण थालनी गरिने छ।
- कोइलादेन ढिकीटार भ्यू टावर निर्माण थालनी गरिनेछ।
- माई नगरपालिका भित्रका मठ मन्दिर, चर्च, माङ्गहिम, श्री शिवचरण कमल विन्दूधाम, सत्संग भवन, बौद्ध गुम्बा र माङ्गखिमहरुको जिर्णोद्धार र मर्मत गरिनेछ।

**कृषि क्षेत्र तर्फः-**

- हाम्रो नगरपालिकाको मुख्य पेशा व्यवसाय भनेको कृषि र पशुपालन नै हो। कृषि र पशुपालनमा आधुनिकीकरण गरि गुणस्तर र उत्पादन बढाई हालको निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिक कृषि प्रणालीमा परिवर्तन गर्दै बजार , गुणस्तर र उत्पादन एक अर्कामा परिपुरक हुन भन्ने मूल

मन्त्रलाई ध्यानमा राखी बजारको माग बमोजिम गुणस्तरलाई मध्यनजर राखी उत्पादन बढाउन कुन ठाउँमा कस्तो खेती उपयुक्त हुन्छ त्यसको वैज्ञानिक अनुसन्धान गरि **"एक गाउँ एक उत्पादन"** लाई प्रवर्दन गर्ने र उत्पादित सामग्रीको बजार व्यवस्थापनमा नगरपालिकाले विशेष पहल लिनेछ।

- यस क्षेत्रमा थुप्रै प्रकारका कृषि उत्पादन हुन्छन् तर विक्रीको उचित व्यवस्थापन हुन नसक्दा ब्यापारी धनी हुने अनि किसान सँधै मर्कामा पर्ने अवस्था छ। त्यसै गरी अझै पनि उन्नत बीउ विजन र प्रविधिको अभावमा किसानले गरेको मेहनतको फल प्राप्त गर्न सकिरहेका छैनन्। यसका लागि किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने अवस्था सिर्जना गर्न गाउँ-गाउँमा खनिएको कृषि सडकको स्तर उन्नति गर्ने, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहित गरि माई नगरपालिकाको महत्वपूर्ण ठाउँमा बजार विस्तार गर्दै कृषि उत्पादनको संकलन र विक्री केन्द्र खोलिनेछ। किसानलाई चाहिने सम्पूर्ण कृषि सामग्री, मलखाद, औषधी र वैज्ञानिक कृषि प्रणालीको लागि आवश्यक सम्पूर्ण परामर्श सेवाहरु उपलब्ध हुनेछन्।
- खेतीका लागि अति आवश्यक सिंचाईको प्रबन्ध मिलाउन हाल संचालनमा रहेका कूलोहरुलाई स्तरोन्नति गर्ने र आवश्यक थप सिंचाई परियोजनाहरु संचालन गरिनेछ। साथै पाइपलाईन मार्फत सिंचाईको व्यवस्था गरि तरकारी उत्पादनमा वृद्धि गरिनेछ।
- कृषि तथा पशुपालनसँग सम्बन्धित सहकारी र नगरपालिकाको संयुक्त लगानीमा निम्न प्रकारका उत्पादनलाई औद्योगीकरण गरि अन्तराष्ट्रिय बजारमा निकासिको प्रबन्ध मिलाईनेछ।
- तरकारी र बीउबिजनहरुलाई ताजा राख्न शीत भण्डारको व्यवस्था गरिनेछ।
- दूधको उत्पादनलाई ताजा राख्न चिस्यान केन्द्रको व्यवस्था गरिनेछ।
- दूधको उचित मूल्य दिने दुग्ध व्यवसायी संस्थाहरु र कम्पनीहरुसँग सम्बन्ध राखी दूध विक्रीका साथै स्थानीय बजारको मागको आधारमा दही,घिउ, छुर्पी,ललीपप लगायतका उद्योगलाई प्रोत्साहित गरिनेछ।
- उन्नत जातका गाई, भैँसी, बाख्रा, कुखुरा, सुँगुर, माछा र माहुरी पालनको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।
- किसानको सहकारीलाई प्रात्सिहत गर्दै दूध, मासु, तरकारी च्याउ खेती गर्ने र प्रसोधन गर्ने उद्योगबाट उत्पादित सामानको बजारीकरण गरिनेछ।
- सुपारी खेतीलाई व्यवसायीकरण गरि बजारको प्रवर्दन गरिनेछ।

- केरा खेतीमा लागेको रोगको निदान खोज्दै सो खेतीलाई व्यवसायीकरण गर्दै बजारको प्रबर्दन गरिनेछ साथै केरालाई प्रसोधन गरी बजारको माग बमोजिमको उत्पादित सामानलाई प्रोत्साहित गरिनेछ।
- जग्गा बाँझो राख्ने र जग्गाको अनावश्यक खण्डीकरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ र कृषि विज्ञको सिफारिसमा एक गाउँ एक उत्पादनको उदेश्यका लागि जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।
- उत्कृष्ठ कृषकलाई पुरस्कृत गर्ने व्यवस्था गरि कृषि पेशाप्रतिको आकर्षण र सम्मानमा वृद्धि गरिनेछ।

**स्वास्थ्य तर्फः-**

- नगरपालिकाको केन्द्रमा विशेषज्ञ सेवा सहितको २५ वेड क्षमता भएको अस्पताल खोल्ने र वडामा रहेका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तर उन्नति गर्दै आगामी पाँच वर्ष भित्रमा सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना गरिनेछ।
- गर्भवती, सुत्केरी तथा नवजात शिशु स्याहार सम्बन्धि सम्पूर्ण सेवाहरु थप गुणस्तरीय र व्यवस्थित ढंगले संचालन गरिनेछ।
- झाडा पखाला, हैजा जस्ता सरुवा रोगहरुको निशुल्क उपचार गरिनेछ र त्यस्ता रोगहरुको उपचारको अभावमा कसैको ज्यान जाने छैन।
- अत्याधिक रुपमा बढ्दै गएको उच्च रक्तचाप, दमखोखी, मधुमेह(डाइवेटिज), क्यान्सर जस्ता नसर्ने रोगको उपयुक्त उपचार, रोकथाम र नियन्त्रणको बृहत योजना सहित कार्यक्रम संचालन गर्ने र ५ वर्ष भित्रमा त्यस्ता रोगहरुबाट हुने मुत्युको संख्यामा ५० प्रतिशत घटाउन प्रयास गरिनेछ।
- आर्थिक अभावका कारण स्वास्थ्य सेवाबाट कुनै पनि व्यक्ति वञ्चित नहुने अवस्था सिर्जना गर्न वीमा गर्न सक्ने परिवारलाई स्वास्थ्य वीमामा सहभागी गराउने र वीमा गर्न नसक्ने व्यक्तिहरुलाई राज्यकोषबाट स्वास्थ्य उपचार गर्ने व्यवस्था गरिनेछ।
- स्वास्थ्य केन्द्रहरुमा दरवन्दी अनुसार कर्मचारीहरु औजार उपकरण र भौतिक संरचनाको व्यवस्था गरि स्वास्थ्य सेवाको गुणस्तर प्रवर्द्धन गरिनेछ।
- स्वास्थ्य सेवामा समर्पित भई उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ भने स्वास्थ्य सेवा प्रवाहमा जिम्मेवारी पुरा नगरी समय पालन र नियमितताको पालना नगर्ने लगायत खराव आचरण र कामचोर कर्मचारी पाइएमा दण्डित गरिनेछ।

- **पहिलो व्यक्ति स्वास्थ्य, त्यसपछि परिवार हुँदै समाज र अन्त्यमा नगरपालिका नै स्वास्थ्य** भन्ने मान्यतालाई अवलम्वन गर्दै यस नगरपालिकाको समग्र स्वास्थ्य सम्बन्धि सूचकहरुमा सुधार गरिनेछ।

**शिक्षातर्फः-**

- पाँच वर्ष भित्रमा नगरपालिकालाई ९५ प्रतिशत साक्षर घोषणा गरिनेछ। बाल शिक्षा, प्रौढ शिक्षा लगायत प्रत्येक वडामा कक्षा १२ सम्मको माध्यमिक विद्यालय निर्माण र संचालनको आवश्यक पहल गरिनेछ।
- प्राथमिक विद्यालयदेखि नै कम्प्युटर शिक्षालाई अनिवार्य गर्दै लैजाने नीतिलाई क्रमश कार्यान्वयन गरिनेछ।
- प्राथमिक विद्यालयदेखि नै अंग्रेजी र नेपाली दुवै माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- सबै विद्यालयहरुको संरचना वालमैत्री बनाउने तथा गुणस्तरीय शिक्षाका लागि आवश्यक कम्प्युटर लगायत शैक्षिक सामग्रीहरु र दक्ष शिक्षकहरुको उचित व्यवस्थापन गरिनेछ। बालमैत्री स्थानीय शासनको अवधारणा बमोजिम विद्यार्थीको पठन-पाठनमा जोड दिइनेछ।
- शिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई हरेकवर्ष पुरस्कृत गरिनेछ।
- नगरपालिकाको केन्द्रमा रहेको गरुवा बहुमुखी क्याम्पसको भौतिक र शैक्षिक गुणस्तर बढाइ हाल संचालनमा रहेको विषय वाहेक थप अन्य विषयको समेत अध्यापन गराइनेछ।
- **विद्यालय शान्ति क्षेत्र** भन्ने सरकारको अवधारणालाई यस नगरपालिका क्षेत्रमा समेत कडाइकासाथ कार्यान्वयन गरिनेछ। विभिन्न बहानामा विद्यार्थी, शिषक, राजनीतिक दलहरुबाट हुने शैक्षिक हडतालको अन्त्य गरिनेछ।
- **"शैक्षिक समानता, गुणस्तरीय शिक्षामा एकता माई नगरपालिकाको प्रतिबद्धता"** भन्ने नारालाई कार्यान्वयन गर्न कार्यक्रम तय गरि कार्यान्वयन गरिनेछ।
- निश्चित प्रतिशत तोकी सो भन्दा कम विद्यार्थी पास गराउने शिषकहरुलाई दण्ड र निश्चित प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउने शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- शैक्षिक संस्थाभित्र मादक पदार्थ, धुम्रपान, नशालु पदार्थ प्रयोग गरेको पाइएमा जिरवाना सहित दण्डित गरिनेछ भने जंक फुडलाई निरुत्साहित गरिनेछ।
- विद्यालयमा बारम्बार गयल हुने, राजनीतिमा संलग्न भइ आफ्नो जिम्मेवारी पूरा नगर्ने शिक्षकलाई आवश्यक कारवाही गरिनेछ भने आस्थाको आधारमा कुनै पनि शिक्षक वा कर्मचारीहरुलाई विभेद गरिने छैन।

**द्वन्द व्यवस्थापन महिला सशक्तीकरण तथा रोजगारी**

- समाजमा रहेका विभिन्न कारणबाट उत्पन्न द्वन्दहरुलाई मेलमिलाप मार्फत अन्त्य गरि सामाजिक शान्ति कायम गरिनेछ ।
- सामाजिक कुरिति, कुसंस्कार तथा अन्ध विस्वासहरुको अन्त्य गर्दै महिलामाथि हुने हिंसा र शोषण पूर्ण रुपमा अन्त्य गरिनेछ ।
- विभिन्न परियोजनाहरु संचालन गरि महिला तथा किशोर किशोरीहरुको जीवन उपयोगी तथा आयआर्जन सम्बन्धि सीप विकास गरि सशक्तीकरण गरिनेछ । रोजगारीमूलक सीप विकास र अवसरहरुको खोजि गरी वा रोजगारी बढाइनेछ साथै सीप भएको ब्यक्ति बेरोजगार नहुने अवस्था सिर्जना गरिनेछ ।
- बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाइनेछ । साथै बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको सीप उपयोग हुने गरि रोजगारीका कार्यक्रम संचालन गरिनेछ ।

**वन, वातावरण, खानेपानी तथा सरसफाईतर्फः-**

- **"स्वच्छ सफा खानेपानी प्राप्त गर्ने सबैको अधिकार"** भन्ने नारालाई व्यवहारमा लागु गर्न हाल संचालनमा रहेको खानेपानी परियोजनाहरुलाई थप व्यवस्थापन गरिनेछ । भूमिगत ट्यूवेल र इनारका पानीहरुमा आर्सेनिकको चेकजाँच गरिनेछ । खानेपानी अभाव भएका क्षेत्रमा प्राथमिकताका साथ खानेपानीको व्यवस्था गरिनेछ । खानेपानीको मुहान संरक्षण तथा पानीको सुद्धीकरणलाई प्रभावकारी बनाइ पानीजन्य रोगहरुको पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।
- माई नगरपालिकाको अधिकांश भूभाग चुरे भावर क्षेत्रमा पर्दछ । चुरे क्षेत्रको जमीनको बनौट कमजोर हुन्छ । तर यस नगरपालिकामा जंगल नै जंगलले ढाकिएकोले ती जंगल ६० वटा सामुदायिक वन उपभोक्ता समितिमा बाँडिएको छ । सा.व.उ.स. भित्र असल र खराब दुवै पाटा झाँगिएका छन् । असल पाटालाई प्रात्साहित गर्दै त्यहाँका खराब पक्षलाई आक्रामक ढंगले निस्तेज पारिनेछ । चुरे क्षेत्रको कमजोर भू-बनौटलाई बाढी पहिरोबाट जोगाउन वनजंगलको संरक्षण गरौँ भन्ने नाराकासाथ जंगलको संरक्षण र सम्बर्द्धन गर्दै जंगली जनावर पशुपंक्षी जैविक विविधताको शुक्ष्म ढंगले संरक्षण गरिनेछ ।
- सरसफाईका सबै सुचकहरुलाई पूरा गरी आगामी दुई वर्ष भित्र माई नगरपालिकालाई सफा र हराभरा नगरपालिका घोषणा गरिनेछ ।

**खेलकुद तथा शारिरिक व्यायम**

- खेलकुद तथा शारिरिक व्यायाम स्वास्थ्य रहने सबैभन्दा महत्वपूर्ण उपाय हो । त्यसैले खेलकुदको विकासका लागि नगरपालिकाका सबै वडाहरुमा भएका खेल मैदानको स्तर उन्नति र नभएका ठाउँमा खेलकुद मैदानको निर्माण गरिनेछ ।
- नगरको उपयुक्त ठाउँमा सुविधा सम्पन्न रंगशाला निर्माण गरिनेछ ।

- नगर स्तरीय खेलकुद प्रतियोगिता गरिनेछ। जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

- परिवर्तित नयाँ संरचना अनुसार जनतालाई परिवर्तनको अनुभूति हुनेगरी सेवा प्रवाहमा सहजता, सरलता र नविनतम विधि र पद्धतिहरुको अवलम्बन गरिनेछ।
- नागरिक वडापत्र, सूचना अधिकारी, टोकन प्रणाली, गुनासो सुनुवाई संयन्त्र सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, घुम्ती सेवा, विद्युतीय सेवा प्रणाली जस्ता शुसासनका सूचकहरुको क्रमश अवलम्बन गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ।
- भ्रष्टचार, अपारदर्शीता र भ्रष्टचारजन्य प्रवृत्तिलाई रोक्न विशेष सतर्कता अपनाइनेछ।
- आयोजनाहरु समयमा शुरु नगर्ने, उपभोक्ता समिति अनावश्यक विवादमा अल्झिने र विकास नै प्रभावित हुने प्रवृत्ति देखिएमा त्यस्ता क्षेत्रका आयोजनाहरु झिकेर अन्य क्षेत्रमा दिइनेछ।
- जिम्मेवारीपूर्वक उत्कृष्ट कार्यसम्पादन गर्ने अनुशासित इमानदारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिनेछ भने खराब आचरण र जम्मेवारी बहन नगर्ने कर्मचारीहरुलाई प्रचलित ऐन कानून बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ। तोकिएका योजना, आयोजनाहरु गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मूल्याङ्कन कार्यलाई विशेष प्राथमिकता दिइनेछ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरि उत्प्रेरित गरिनेछ भने सन्तोषजनक कार्यसम्पादन नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी वर्षमा उपभोक्ता समितिको रुपमा कामगर्नबाट वञ्चित गरिनेछ।
- **"जनताको घरदैलोमा जनप्रतिनिधि"** भन्ने अभियान मार्फत जनताका समस्याहरुसँग निरन्तर परिचित भई समाधानको प्रयास गरिनेछ।
- **जनतानै जनार्दन** भन्ने आदर्शका साथ सेवा प्रवाहमा जनताका आवश्यकता र चाहनालाई विशेष जोड दिइनेछ।
- सूचना पार्टी, वेवसाईट,सामाजिक संजाल (फेसबुक, ट्वीटर) लगायतका संचार माध्यमबाट सार्वजनिक सुनुवाईको माध्यमबाट जनतामा सूचनाको हक स्थापति गर्न पारदर्शी कार्य प्रणालीलाई बढवा दिइनेछ।

अन्त्यमा हामी राज्य पुनर्संरचना अन्तर्गत अत्यन्त नयाँ व्यवस्थाको अभ्यासको क्रममा छौँ। यो संक्रमणकालीन समयमा हामी जति मिहेनत र परिश्रमका साथ अगाडि बढ्छौँ त्यति नै संक्रमणकाललाई छिटो अन्त्य गरी माई नगरपालिकालाई विकास र समृद्धिको पथमा अगाडि बढाउन सफल हुन्छौँ भन्ने मैले विश्वास लिएको छु । यस ऐतिहासिक र अभूतपूर्व परिवर्तनलाई संस्थागत गर्न यस माई नगरपालिकामा क्रियाशील राजनीतिक दलहरु, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्था, बुद्धिजीवि, विकासप्रेमी, संचार जगत, आम जनताको साथ र सहयोगको यस नगरपालिका ठूलो आस र अपेक्षा गर्दछु ।

आफ्नो बजेट नीति र योजना आफैँ तर्जुमा गरी विकासको गति र दिशा तय गर्ने यो ऐतिहासिक अवसर र चुनौति पनि हो । यो नीति तथा बजेट निर्माण कार्यमा शुरुदेखीनै आफ्नो बुद्धि, विवेक र परिश्रमले सहयोग गर्नुहुने कार्यकारी अधिकृत श्री कालिदास ढकाल, भिष्म सटौला, चन्द्र पौडेल लगायत कर्मचारी मित्रहरु, नगरपालिकाका सम्पूर्ण सदस्यहरु, सरोकारवाला मित्रहरुप्रति विशेष आभार प्रकट गर्दछु ।

# माई नगरपालिकाको जय होस्

# माई नगरबासीहरुको जय होस्

# नेपाल र नेपालीको जय होस्

# धन्यबाद ।